
Vol.08 नेपाली

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation

GOCA



2020.03

## आर्थिक वर्ष 2020 साल अन्तर्राष्ट्रिय सहर ओताको राजदूत (कूरु ओता-कु राजदूत) को लागि आवेदन खुला गरिएको छ।

ओता सहरको आकर्षण र जानकारीको PR (प्रचार प्रसार) गर्ने “कूरु ओता-कु राजदूत (Cool OTA-KU ambassador)” (माया गरेर बोलाउने नाम) को लागि आवेदन खुला गरिएको छ।

- आवश्यक योग्यता: 18 वर्ष वा सो भन्दा बढीको ओता सहरमा बसोबास गर्ने जस्ता ओता सहरसँग सम्बन्ध भएको विदेशी नागरिक
- आवश्यक व्यक्ति: लगभग 10 जना
- नियुक्त अवधि: 2020 साल जून ~ 2022 साल मार्च (योजना)
- आवेदन म्याद: 2020 साल अप्रिल 17 तारिख (शुक्रबार) 5:00 pm सम्ममा प्राप्त हुनुपर्ने
- आवेदन दिने तरिका: आवेदन पत्र आदि लिएर आउनुहोस् वा हुलाक, FAX वा इमेल मार्फत आवेदन दिनुहोस्
- URL

http://www.city.ota.local/kokusaitoshi/ambassador_bosyu2019.html

थप जानकारीको लागि सम्पर्क गर्नुहोस्।




सम्पर्क

अन्तर्राष्ट्रिय सहर•बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा

☎ 03-5744-1227　FAX 03-5744-1323

E-mail　kokusai@city.ota.tokyo.jp

## ओतासहर अन्तर्रास्ट्रिय संघ　बहुभाषी परामर्श डेस्क


| भाषा | सोमबार | मंगलबार | बुधबार | बहिीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| अंग्रेजी भाषा | 10:00~17:00 | 10:00~17:00 | 10:00~17:00 | × | 10:00~17:00 |
| चाइनजि भाषा | 10:00~17:00 | 10:00~17:00 | × | 10:00~17:00 | 10:00~17:00 |
| तागालग भाषा | 10:00~17:00 | × | × | × | 10:00~17:00 |
| नेपाली भाषा | × | × | 10:00~17:00 | × | × |
| भयितनामजि भाषा | × | × | × | 10:00~17:00 | × |

- पहिलो र तेस्रो आइतबारको दिउँसो (1 बजेदेखि 5 बजेसम्म) वकिलसँग सरसल्लाह गर्न सकिन्छ। अगाडि भन्नु पर्छ।
- माथिका भाषा बाहेक अरू भाषा पनि छ, भन्नु होला।

### दैनिक जीवनको सर-सल्लाह

भाषाको समस्या, बालबालकिाको कुरा, ववािह, छोड पत्र, काम समस्या बहुभाषकिबाट परामर्श गर्न सकन्छि।

ओताकु भति्र स्वयम सेवक रूपमा जापानी भाषा कक्षा वा जापानी भाषा वद्यािलयको पनपिरचिय गरन्छि।




सम्पर्क

टोक्यो-तो, ओता वडा, खामाता 5-13-26 उपभोक्ता केन्द्र 1F

☎ 03-6424-8822　FAX 03-5710-6330

HP　https://www.ota-goca.or.jp/

E-mail　info@ota-goca.or.jp

# अन्तर्राष्ट्रिय आदान-प्रदान स्वयंसेवकले गरिरहेको गतिविधिको दृश्य

अन्तर्राष्ट्रिय सहर ओता संघ (GOCA) मा वर्षैभरि दर्तामा आधारित स्वयंसेवक बन्न चाहने व्यक्तिले आवेदन दिन सकिन्छ। हाल उच्च माध्यमिक विद्यालयको विद्यार्थीदेखि 89 वर्ष भित्रका उमेरका विभिन्न व्यक्तिहरू, लगभग 270 जनाले दर्ता गर्नुभएको छ। स्वयंसेवकहरूले GOCA ले कार्यक्रम गर्ने दिन स्टाफको रूपमा सञ्चालनमा सहयोग गर्ने, व्यवस्थापन समितिको सदस्यको रूपमा योजनाको चरणदेखि कार्यक्रम गर्ने दिनसम्म संलग्न हुने, आफूले बोल्न सक्ने भाषाको प्रयोग गरी कार्यक्रममा सहभागी हुने विदेशी नागरिकलाई जानकारी प्रदान गर्ने जस्ता गतिविधिहरू गरिरहेका छन। साथै GOCA को गतिविधिहरूमा सहयोग पुर्‍याउन सक्ने स्वयंसेवकहरूले क्षमता वृद्धिको लागि स्किल-अप लेक्चर र ओता सहरमा हुने अन्तर्राष्ट्रिय आदान-प्रदानसँग सम्बन्धित कार्यक्रमहरूको जानकारी प्राप्त गर्न सक्नेछन्। हामीले आउने दिनहरूमा स्वयंसेवकहरूले सहभागिता जनाउन सक्ने गतिविधिहरू अझै बढाउने योजना गरेका छौं। के तपाईं पनि अन्तर्राष्ट्रिय आदान-प्रदान स्वयंसेवकमा दर्ता गरी हामीसँगै GOCA को कायर्क्रमहरू बनाउन चाहनुहुन्छ?

## गतिविधि गरिरहेको दृश्यको परिचय

विदेशी परिकार बनाउने कुकिङ क्लासमा खाना बनाउन सहयोग। यस क्लासमा संलग्न स्वयंसेवकले क्लास सुरु हुनु अगाडि प्रशिक्षकले दिएको निर्देशन अनुसार सहभागीहरूले कुनै समस्या बिना खाना बनाउन सक्ने गरी सहभागीहरूलाई सहयोग गरे।



"अन्तर्राष्ट्रिय सहर ओता फेस्टिबल in "आकाशको दिन" हानेदा" मा आयोजना गरिएको बहुसांस्कृतिक अन्तर्राष्ट्रिय आदान-प्रदान क्याफेमा सहभागी स्वयंसेवकले क्याफेमाआएका ग्राहकहरूलाई सेवा प्रदान गर्नुका साथसाथै क्याफेको प्रचार गरे। साथै विदेशी स्वयंसेवकहरूले आफ्नो देशको परिचय दिने, ग्राहकले सोधेको प्रश्नको उत्तर दिने आदि जस्ता आदान-प्रदान सदस्यको रूपमा आफ्नो भूमिका निभाए।



"जापान-डे" को दिन 18 जना स्वयंसेवकहरू स्टाफको रूपमा सहभागी भए। उनीहरूले जापानको संस्कृति अनुभव गर्ने वर्कसपमा विदेशी सहभागीहरूलाई सहयाता पुर्‍याउने, ओरिगामी जस्ता आफूले जानेको सीपको उपयोग गरी संस्कृतिको परिचय दिनुका साथै रिसेप्सन र मार्गनिर्देशनका कामहरू गरी सहज ढंगमा कार्यक्रम सञ्चालन गर्न योगदान पुर्‍याए।



हामीले अन्तर्राष्ट्रिय आदान-प्रदान स्वयंसेवकको रूपमा काम गर्दा मदत पुग्ने स्किल-अप लेक्चरहरू गरिरहेका छौं। भाषाको स्वयंसेवकहरूका लागि दोभासे वा अनुवादनको सीप सिक्ने लेक्चर र प्रचार प्रसार गतिविधिको लागि आधारभूत लेक्चर आयोजना गर्ने योजना गरिरहेका छौं।



यी बाहेक GOCA ले आयोजना गर्ने इभेन्ट वा सेमिनार, ओता सहरको अन्तर्राष्ट्रिय आदान-प्रदान सम्बन्धित कार्यक्रम आदिको जानकारी पनि पठाउने गरेका छौं।

◇◆सहभागिता जनाएका स्वयंसेवकहरूको प्रतिक्रिया◆◇

- ◆ पहिलो पटक स्वयंसेवा गरें र मलाई रमाइलो लाग्यो।
- ◆ मैले साह्रै सन्तोषजनक र रमाइलो दिन बिताउन सकें।
- ◆ तपाईंहरूको कृपाले मैले गर्ने गतिविधिहरू फराकिलो हुँदै गइरहेको छ।

हामी आउने दिनहरूमा पनि सकेसम्म धेरै स्वयंसेवा र अन्तर्राष्ट्रिय आदान-प्रदानको अवसरहरू प्रदान गर्दै जानेछौं। नबिर्सीकन अन्तर्राष्ट्रिय आदान-प्रदान स्वयंसेवकमा दर्ता गरी तपाईं पनि हाम्रो साथी बन्नुहोस्।

**सम्पर्क**
(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 FAX 03-6410-7982
E-mail info@ota-goca.or.jp
URL https://www.ota-goca.or.jp/

# कुकुरको दर्ता तथा रेबिज रोकथामको सुईबारे

## 1 जापानको रेबिज रोकथाम ऐनमा कुकुर मालिकहरूले निम्न दायित्वहरू निभाउनुपर्छ भनेर लेखिएको छ।

❶ जन्मेको 91 दिन पुगेको कुकुर पाल्न थालेको 30 दिन भित्र सहर प्रमुखलाई कुकुर दर्ताको लागि आवेदन दिई, कुकुर पाल्नको लागि दिइने अनुमति ट्याग लिनु पर्दछ।

❷ कुकुर मालिकले वर्षमा 1 पटक आफ्नो कुकुरलाई रेबिज रोकथामको सुई नलगाई हुँदैन। साथै पशुचिकित्सकद्वारा जारी गरिएको सुई लगाएको कुरा प्रमाणित हुने कागजात सहर प्रमुखलाई बुझाई, सहर प्रमुखबाट सुई लगाइसकेको कुरा जनाउने चिन्ह (स्टिकर आदि) लिनु पर्दछ।

❸ सहर प्रमुखद्वारा जारी गरिएको कुकुर पाल्नको लागि दिइने अनुमति ट्याग र सुई लगाइसकेको कुरा जनाउने चिन्ह सधैं कुकुरलाई लगाइदिइराख्नु पर्नेछ।





अनुमति ट्याग
दर्ता शुल्क
3,000 येन



आर्थिक वर्ष 2020
सुई लगाइसकेको कुरा जनाउने चिन्ह
जारी शुल्क 550 येन

## 2 【आर्थिक वर्ष 2020 रेबिज रोकथामको नियमित सामूहिक सुई】 लगाइनेछ। विस्तृत जानकारी निम्न अनुसार रहेको छ।

| | |
|---|---|
| कहिले | 2020 साल अप्रिल 11 तारिख (शनिबार) ~ अप्रिल 20 तारिख (सोमबार), कुल 10 दिन |
| कहाँ | ओता सहरले तोकेको ओता सहर भित्रका पशु अस्पतालहरू (कुल 44 अस्पतालहरू) |
| शुल्क | 3,750 येन<br>विस्तृत विवरण: रेबिज रोकथाम सुई शुल्क 3,200 येन, सुई लगाइसकेको कुरा जनाउने चिन्ह जारी शुल्क 550 येन |
| कति जना | कुकुर पालिरहेका सम्पूर्ण कुकुर मालिकहरू |
| आवेदन दिने तरिका | सुई लगाइने अवधि भित्र कुकुरलाई पशू अस्पतालमा लिएर जानुहोस्। |
| सम्पर्क | स्वच्छता तथा सार्वजनिक स्वास्थ्य शाखा वातावरणीय स्वच्छता<br>☎ 03-5764-0670 FAX 03-5764-0711 |




# नियमको पालना गरी फोहोर फाल्नको लागि निकालौं

हरेक दिन घरबाट निस्कने स्रोत र फोहोर। आफूलाई फोहोर वर्गीकरण गरेको छु जस्तो लागे तापनि, गल्ती हुने वा त्यति ध्यान नदीइकन वर्गीकरण गरिरहनुभएको त छैन? यस पटक विशेष गरी धेरै गल्ती हुने वर्गीकरणबारे जानकारी दिँदै छौं। स्रोत र फोहोर छुट्टाउने तरिका र फाल्नको लागि निकाल्ने तरिकाबारे पुनःविचार गरेर हेरौं।

### 1 ठूला आकारका फोहोरहरू

कुनै एकपट्टिको लम्बाइ लगभग 30 cm भन्दा बढी भएमा त्यो ठूला आकारको फोहोरमा पर्दछ। टुक्रा पार्ने वा झोलामा हाल्ने गरेपनि त्यो ठूला आकारको फोहोरमा नै पर्दछ।



### 2 सामग्रीको भिन्नता

सामग्री र त्यसको अनुपान अनुसार फाल्नको लागि निकाल्ने तरिका फरक हुन्छ। सबैभन्दा बढी अनुपातमा रहेको सामग्री नष्ट गर्ने तरिका अनुसार फाल्नको लागि निकाल्नुहोस्।

उदाहरण: ह्यान्गर नै भए तापनि…

**जलाउन मिल्ने फोहोर**

प्लास्टिक र काठको अनुपात बढी



**जलाउन नमिल्ने फोहोर**

धातुको अनुपात बढी



### 3 सिसी वर्गीकरण गर्ने तरिका तथा फाल्नको लागि निकाल्ने तरिका

यो स्रोत मध्ये पनि विशेष गरी धेरै प्रश्न सोधिने वस्तु हो। सिसीमा लागेको फोहोर अनुसार त्यो सिसी फाल्नको लागि निकाल्ने तरिका निर्णय गरिन्छ।

**खाद्य पदार्थको कारण हुने फोहोर**

जुस आदिको सिसी

**स्रोत**

- पानीले पखालेमा सफा हुने चिजहरू



**चिल्लो फोहोर**

मेकअपका सामग्री वा खाना बनाउने तेलको सिसी आदि आदि

**जलाउन नमिल्ने फोहोर**

- यी पानीले सफा गरेपनि स्रोत हुँदैनन्




तपाईंहरूले स्रोत र फोहोर फाल्नको लागि निकाल्ने तरिकाबारे थोरै मात्र ख्याल गरिदिनुभएमा सहर सुन्दर बनाउन र फोहोरको परिमाण घटाउन मदत पुग्छ। माथि उल्लेखित सामानहरू बाहेकका स्रोत र फोहोर वर्गीकरण गर्ने तरिका तथा फाल्नको लागि निकाल्ने तरिकाबारे जान्नको लागि पर्चा हेर्नुहोस्।
साथै ओता सहरमा "स्रोत र फोहोर वर्गीकरण गर्ने तथा फाल्नको लागि निकाल्ने तरिका विदेशी भाषा संस्करण" (अंग्रेजी, चिनियाँ, कोरियन, टगालग, नेपाली र भियतनामिज गरी 6 वटा भाषाहरू) को व्यवस्था गरिएको छ।

| | |
|---|---|
| सम्पर्क | स्वच्छता परियोजना शाखा स्वच्छता रिसाइकल जिम्मेवार कर्मचारीn<br>☎ 03-5744-1628<br>FAX 03-5744-1550 |

# विदेशी भाषा संस्करण ओता सहर जोखिमपूर्ण क्षेत्रको नक्सा (भूकम्प विपद् संस्करण र हुरी बतास तथा डुबान क्षति संस्करण) बनाउने बारे

ओता सहरमा अंग्रेजी र चिनियाँ भाषामा ओता सहरको जोखिमपूर्ण क्षेत्रको नक्सा (भूकम्प विपद् संस्करण र हुरी बतास तथा डुबान क्षति संस्करण) बनाइएको छ। यसमा भूकम्प वा ठूलो वर्षा, ताइफु नजिकिदै आएको बेला के-कस्ता कदम चाल्दा राम्रो हुन्छ, सुरक्षित हुनको लागि कहाँ जानु पर्छ, कस्तो क्षति हुने अनुमान गर्न सकिन्छ जस्ता कुराहरू लेखिएको छ। ठूलो भूकम्प वा ठूलो वर्षाबाट ज्यान जोगाउनको लागि त्यस्ता घटनाहरू घट्नु अगाडि नै अनुमान गरिएको क्षति निश्चय गरिराखौं।
2020 साल अप्रिल 1 तारिखदेखी विपद् रोकथाम तथा संकट व्यवस्थापन शाखा आदिमा वितरण सुरु गरिन्छ। थप जाकारी ओता सहरको होमपेज आदिमार्फत जानकारी दिइनेछ।

| | |
|---|---|
| कहिले | 2020 साल अप्रिल 1 तारिखदेखि |
| कहाँ | विपद् रोकथाम तथा संकट व्यवस्थापन शाखा आदि |
| सम्पर्क | विपद् रोकथाम तथा संकट व्यवस्थापन शाखा<br>☎ 03-5744-1236<br>FAX 03-5744-1519<br>E-mail bousai@city.ota.tokyo.jp |


**आर्थिक वर्ष 2019 देखि अन्तर्राष्ट्रिय सहर ओता संघले "Ota City Navigation" प्रकाशन गर्नेछ।**
प्रकाशन (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघन
〒143-0023 ओता वडा, सान्नो 2-3-7 ओमोरी सहर निर्माण प्रवर्द्धन सुविधा 4F
☎ 03-6410-7981 FAX 03-6410-7982 URL https://www.ota-goca.or.jp/



इमेल मार्फत तपाईंको राय वा आफूलाई लागेको कुरा पठाउनुहोस्।
E-mail info@ota-goca.or.jp